**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

# कक्षा एघारको सबैको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यास अध्ययन

रामकुमारी बाह्रघारे
मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत

**सार**

कक्षा एघारको भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुनाअभ्यास सम्बन्धी भाषापाठ्यपुस्तकमा सन्तुलित नमुनाअभ्यासको महत्त्वपूर्ण भूमिका हुन्छ । पाठ्यपुस्तकमा समावेश गरिने प्रश्नहरूको प्रयाप्तता, उपयुक्त र उपयोगिताका आधारमा व्यवहारिक र सन्तुलित नमुना अभ्यासको निर्माण गरिनु पर्छ । यस पाठ्यपुस्तकमा प्रयास त गरिएको छ तर अगामी संस्करणमा यसमा अझ बढी सुधारको प्रयास गरियोस् भन्ने अपेक्षा छ । यस तहमा राखिएका प्रश्नहरूको स्वरूप र प्रकृति उपयुक्त नै छन् तथापि प्रश्नहरूको वितरणमा सन्तुलन देखिएन । प्रश्नहरू बोधात्मक, सिर्जनात्मक र प्रयोगात्मक बनाइनु भाषिक सीपका दृष्टिकोणले उपयुक्त हुने थियो । बोध प्रश्नका साथै प्रयोगात्मक र सिर्जनात्मक प्रश्न पनि अलिक जोड दिनुपर्ने देखिन्छ । कथा, कविता एकाङ्की नाटक, उपन्यास आदिमा प्रयाप्त मात्रामा अभ्यास छन् तर यी विधाहरूको तुलनामा निबन्ध विधामा दिइएका अभ्यासहरूको मात्रा थोरै छ । निबन्ध विधामा पनि अरुको जस्तै अभ्यासको मात्रा बढाउनु आवश्यक देखिन्छ । शब्दकोश पनि व्याकरणकै एक अंश हो । शब्दकोशलाई व्याकरण अभ्यास भित्र राखेमा उपयुक्त हुने थियो । शब्दार्थ सम्बन्धी अभ्यासलाई उचित किसिमले संयोजन गरिएको छ तर शब्दार्थ सम्बन्धी अभ्यासको मात्रा कम छ । यस सम्बन्धी अभ्यासहरू पनि दिइएको भए विद्यार्थीमा भएको अन्तरर्निहित प्रतिभा प्रस्फुटन गराउन सहज हुने हुदा यस्ता अभ्यासहरू यो तहमा राखिनु आवश्यक देखिन्छ ।

**मुख्य शब्दावली** : भाषा, पाठ्यपुस्तक, समाविष्ट, अभ्यास, विविधता, शब्दकोश

## पृष्ठभूमि

नेपाल एक बहुभाषिक राष्ट्र हो । यहाँ विविध भाषा बोलिन्छ । यहाँ बोलिने भाषाका सम्बन्धमा विभिन्न क्षेत्रहरूबाट विभिन्न प्रयास भइरहेको छन् । नेपालमा भाषिक नीति र योजनाबारे स्पष्ट हुन नसकिरहेको स्थिति छ । यस अवस्थामा अल्पसङ्ख्यक मानिसले बोल्ने भाषाको लोप हुन गई नेपालीभाषी वक्ताहरूको सङ्ख्या हवात्तै बढ्न जाने अनुमान भाषाविदहरूको छ (ढुङ्गेल, २०६७) । नेपाल एक सानो देश भए पनि यहाँ प्रशस्त भाषिक विविधता छ । यस्तो स्थितिमा विद्यालय तहमा नेपाली भाषा अनिवार्य विषयको रूपमा रहेको छ । अझ भनौ भने नेपाली विषयलाई अनिवार्य विषयको रूपमा शिक्षण गर्नु पर्ने उद्देश्य पाठ्यक्रममा निर्दिष्ट छ । यसरी निर्दिष्ट गरिएको पाठ्यपुस्तकको आधारमा नेपाली भाषा शिक्षण चुनौतिका रूपमा देखापरेको छ ।

नेपाली भाषा राष्ट्र भाषा, सरकारी कामकाजको भाषा एवम् आमसञ्चारको भाषाका रूपमा स्थापित छ । यसको प्रभाव स्वदेश एवम् विदेशमा समेत बढ्दै गइरहेको स्थिति छ । अझ भनौ नेपाली भाषा उच्च शिक्षाको माध्यमको रूपमा दिन प्रतिदिन प्रयोगमा आइरहेको छ यस कुराले विद्यालय तहमा नै नेपाली भाषाको पृष्ठभूमि दरिलोसँग बनिसक्नु आवश्यक छ भन्ने कुरालाई सङ्केत गर्दछ (पराजुली, ठाकुर र अन्य, २०६७) । सिकाइको पृष्ठभूमि दरिलो बनाउन पाठ्यक्रम एवम् पाठ्यपुस्तक गुणस्तरीय एवम् प्रभावकारी हुनु आवश्यक छ ।

**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

पाठ्यक्रम गुणस्तरीय, प्रभावकारी हुन सकेन भने पाठ्यक्रमको उद्देश्य पूरा गर्न कठीन हुन्छ । पाठ्यक्रमका उद्देश्य पूरा गर्न नमूनालायक पाठ्यपुस्तकका साथै तदनुरूपका पाठ्यसामग्रीको निर्माण हुनुपर्दछ । यिनमा अनुकरणीय र नमूनालायक अभ्यासहरू संयोजन हुनु अझ राम्रो मानिन्छ किनकि यी अभ्यासहरूले पाठ्यपुस्तकलाई स्तरीय एवम् उपयोगी बनाइदिन्छ । अतः भाषा पाठ्यपुस्तकमा देखिएका कमिकमजोरीहरू पहिचान गरी तिनलाई सुधार गर्न भाषा पाठ्यपुस्तकमा नमुनाअभ्यासका बारेमा अध्ययन र अनुसन्धान हुनु बाञ्छनीय देखिन्छ ।

पाठ्यक्रम निर्माण गर्दा राष्ट्रको आवश्यकता, समाजको चाहना, देशको बदलिदो परिस्थिति र जनभावनालाई ख्याल गर्नुपर्ने हुन्छ । त्यसैगरी समाजका बुद्धिजीवी, शिक्षकवर्ग, समाजसेवी, भाषाविद, विशेषज्ञ, अभिभावक, विद्यार्थी लगाएत देश, काल परिस्थिति आदिलाई पनि केन्द्रविन्दुका रूपमा लिइन्छ । यसरी पाठ्यक्रम निर्माण गर्दा विभिन्न उद्देश्यहरू तय गरिन्छ । पाठ्यक्रमका तत्त्व अन्तर्गत उद्देश्य, विधि, विषयवस्तु र मूल्याङ्कन आदि पर्दछन् । पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य पूरा गर्नका लागि सिकारूको रूचि, क्षमता, उमेर तथा स्तरका आधारमा विषयवस्तुको गहिराइ र फैलावटलाई ध्यान दिएर विषयवस्तुको छनोट र स्तरण गरिन्छ ।

नमुनाअभ्यास मूल्याङ्कनलाई प्रभावकारी गराउने एक महत्त्वपूर्ण पक्ष हो । यसले निर्माणात्मक मूल्याङ्कनमा अथाह सहयोग पुऱ्याउँछ । निर्माणात्मक मूल्याङ्कनबाट पाठ्यक्रमले निर्दिष्ट गरेको भाषिक उद्देश्य हाँसिल गर्न मार्ग प्रशस्त गर्दछ । नमुनाअभ्यासको महत्त्व उल्लेख्य रूपमा रहेको छ । सिकारूमा ज्ञान, सीप र अवधारणाको विकास गर्न रूचिपूर्ण सिकाइ गर्न, मूल्याङ्कनमा सहजता ल्याउन सृजनशील वानीको विकास गर्न नमुनाअभ्यासको भूमिका उल्लेख्य देखिन्छ ।

भाषा पाठ्यपुस्तकमा समावेश गरिने विधा विशेष गरी भाषिक सीप विकास गर्ने उद्देश्यले राखिने गरिन्छ । भाषिक कला तथा कुशलताप्रति ध्यान नदिने किसिमका विधा तथा उपविधा भइदिए भने ती विधाहरूबाट भाषिक उद्देश्य प्राप्तिका लागि सहयोग पुग्दैन । पाठ्यक्रमको उद्देश्यअनुसार पाठ्यपुस्तकमा विधाहरूको छनोट गरिएको छ भने मात्र उद्देश्य पूरा गर्न सजिलो हुन्छ । पाठ्यपुस्तकमा समावेश गरिने विधा एवम् उपविधाकै आधारमा रहेर नमुनाअभ्यास निर्माण गरिएको हुन्छ । नमुनाअभ्यासको अभावमा विद्यार्थीहरूलाई भाषिक सीप विकासमा दक्ष बनाउन सकिदैन । अभ्यास विधा एवम् उपविधाको मूल प्रयोजन अनुरूप हुनु अनिवार्य ठहरिन्छ । कथा विधामा विद्यार्थीहरूको बोध क्षमताको विकास, वाक्यगठन, द्रुतपठन, निपात, उखान टुक्काका प्रयोग गर्ने क्षमता विस्तारमा नमुनाअभ्यास र विधाको सम्बन्धको महत्त्वपूर्ण भूमिका रहन्छ (लम्साल, र गौतम, २०६६) । समग्रमा भन्दा पाठ्यपुस्तकमा समावेश भएका वा पाठको अन्त्यमा राखिएका नमुना अभ्यासले भाषिक सीप विकासका लागि महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । हुन त विधा र नमुनाअभ्यासको सम्बन्ध अपरिहार्य छ । एकको अभावमा अर्काको अस्तित्त्व नरहने हुन सक्छ ।

यसको आशय मूल पाठको अन्त्य रहदैन भन्ने चाहीँ होइन । विधाका आधारमा नै नमुनाअभ्यास गराइने भएकाले भाषिक कुशलता प्राप्तिका लागि यी दुईको सम्बन्ध निकट हुनु आवश्यक ठहरिन्छ । भाषा पाठ्यपुस्तकमा भाषिक अभ्यासको मुख्य आधार विषयवस्तु हो । यसैका आधारमा भाषिक अभ्यास गराइन्छ । उक्त भाषिक अभ्यासले भाषिक सीपलाई समेट्न सक्नुपर्दछ । भाषिक सीपलाई अभ्यासमा समेट्न सकियो भने मात्र पाठ्यपुस्तकमा दिएका अभ्यास स्तरीय बन्न सक्छ । यसरी भाषिक सीपमा सक्षम बनाउँदै विद्यार्थीको स्तर अनुरूपको भाषातत्त्वको ज्ञान लिन भाषा शिक्षणको प्रमुख लक्ष्य हो । यो लक्ष्य पूरा गर्न विषयवस्तुलाई विभिन्न विधा उपविधामा संयोजन गरिन्छ । उपयुक्त अभ्यासको संयोजनले

**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

भाषा सिकाइलाई प्रभावकारी बनाउँदछ यसले सीप वृद्धिमा तीव्रता ल्याउछ । भाषा विषयमा नमुना अभ्यासलाई सबै भन्दा महत्त्वपूर्ण स्तम्भका रूपमा लिइन्छ (काफ्ले र काफ्ले, २०६७) । भाषा सिकाइलाई समयानुकूल प्रभावकारी एवम् अर्थपूर्ण बनाउनका साथै विषयवस्तुको बोध र अभिव्यक्ति कलामा तीव्रगामी विकास गर्दै लैजान भाषापाठ्यपुस्तकमा प्रयुक्त नमुनाअभ्यासको निरन्तर अध्ययन हुनु आवश्यक देखिन्छ । अतः कक्षा एघारको सबैको नेपाली भाषापाठ्यपुस्तकमा समाविष्ट नमुनाअभ्यासको अध्ययन शीर्षकको यस अध्ययनलाई प्रस्तुत अनुसन्धानको प्रयोजनको लागि सार्थक समस्याका रूपमा अघि सारिएको हो ।

**उद्देश्य**

यस अध्ययनका उद्देश्य कक्षा एघारको सबैको नेपाली भाषापाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरूको पहिचान गर्नु रहेको छ ।

**पूर्वकार्यको समीक्षा**

यस सम्बन्धी अध्ययन र विश्लेषण पनि कमै रूपमा भएका छन् तर प्रश्नपत्रको विश्लेषण सम्बन्धमा भने प्रशस्त अध्ययन भएका छन् ।

भुसाल (२०६७) ले एक चिहान उपन्यासको शैलीवैज्ञानिक अध्ययन नामक शीर्षकको स्नातकोत्तर तहको अध्ययन पत्रमा कक्षा एघारको सबैको नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएको एक चिहान उपन्यासको शैली र शिल्प पक्षका बारेमा खोजअनुसन्धान गरेकी छन् । उनको यस अनुसन्धानमा उक्त उपन्यासको बनोट र बुनोट दुवै पक्षको वृहत अध्ययन र विश्लेषण गरिएको छ तर उनको अनुसन्धान शैलीवैज्ञानिक विश्लेषणमा मात्र सीमित गरिएको छ ।

गौतम (२०६७) को कक्षा एघारको सबैको नेपाली परिमार्जित पाठ्यपुस्तक २०६७ मा समाविष्ट कविता विधाको विश्लेषणात्मक अध्ययन नामक शीर्षकको स्नातकोत्तर अध्ययन पत्रमा कक्षा एघारको सबैको नेपाली नेपाली परिमार्जित पाठ्यपुस्तक २०६७ मा समाविष्ट कविता विधाको बारेमा विस्तृत अध्ययन गरिएको छ । उनको उक्त अध्ययनपत्रमा छनोट र स्तरणका आधारमा कविताहरूको विश्लेषण गरिएको छ तर उनको अध्ययनपत्र कविताको विश्लेषणमा मात्र सीमित रहेको छ ।

शाही (२०६७) को कक्षा एघारको सबैको नेपाली भाषापठ्यपुस्तकमा समाविष्ट व्याकरणात्मक अभ्यास खण्डको अध्ययन र विश्लेषण नामक शीर्षकको स्नातकोत्तर अध्ययनपत्रमा उमावि तह सबैको नेपाली पाठ्यपुस्तकको व्याकरण अभ्यास खण्डको समग्रमा अध्ययन गर्दा भाषा र व्याकरणलाई सँगसँगै अध्ययन र अध्यापन गराउन खोजिनुका साथै विद्यार्थीको स्तर र तहअनुसार प्रश्नहरूको निर्माणमा व्यवहारिक सन्तुलन नभएको कुरा उल्लेख गरिएका छ । यसका साथै पाठ्यपुस्तकमा सामान्य वर्णविन्यासलाई समेत ख्याल नगरी व्याकरण सुधार गर्ने नाममा वाक्यगठन र वर्णविन्यास बिगारिएको भनी व्याकरणात्मक पक्षको मात्र चर्चा गरिएको छ ।

**अध्ययन विधि**

प्रस्तुत अध्ययन माध्यमिक तहका लागि शिक्षा परिषदद्वारा तयार पारिएको कक्षा एघारको सबैको नेपाली भाषापाठ्यपुस्तकलाई प्रतिनिधि नमुनाका रूपमा लिइएको छ । प्रस्तुत अध्ययन कार्यका लागि सामग्री सङ्कलन कार्यमा आवश्यक सैद्धान्तिक ज्ञान प्राप्त गर्न मूख्यतः पुस्तकालयीय अध्ययनलाई मूल आधार बनाइएको छ ।

**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

**व्याख्या र विश्लेषण**

यस अध्यायमा यस अघिको अध्यायमा निर्धारित अध्ययन ढाँचाका आधारमा सङ्कलित तथ्यको वर्णनात्मक विश्लेषण गरिएको छ । अध्ययनको प्रकृति मूलतः अभ्यासको विश्लेषण गर्नु मात्र रहेकोले पुस्तकालय अध्ययन विधिलाई नै उपयुक्त ठहऱ्याइएको छ । भाषा पाठ्यपुस्तकमा हुनुपर्ने नमुनाअभ्यासहरूका विशेषता निर्धारण गरी तदनुरूप यस अध्यायमा कक्षा एघारको सबैको नेपाली पाठ्यपुस्तकमा राखिएका अभ्यासहरूलाई निम्नलिखित उपशीर्षकमा वर्गीकरण गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

**शब्दार्थसम्बन्धी नमुनाअभ्यास**

भाषाको स्वतन्त्र र लघुतम रूप शब्द हो । हरेक ठाउँमा प्रयोग हुने शब्दहरूको सङ्ख्या र किसिमका आधारमा पाठ्यक्रम एवम् पाठ्यपुस्तकको मूल्याङ्कन गर्न सकिन्छ । भाषाको रचना शब्दहरूको भरमा हुने गर्दछ । भाषिक कुशलता पढाइ, लेखाइ, सुनाइ र बोलाइका निम्ति सर्वप्रथम शब्दार्थ सम्बन्धी ज्ञान हुनु जरूरी छ । शब्दार्थको यस उपादेयताले गर्दा उमावि तहको भाषापाठ्यक्रममा शब्दार्थसम्बन्धी अभ्यासलाई विशेष महत्त्वका साथ स्थान दिएको छ । मावि तहको “सबैको नेपाली” भाषपाठ्यपुस्तकमा जम्मा ४१ ओटा शब्दार्थ सम्बन्धी नमुनाअभ्यासहरू छन् । सबैजसो पाठको शुरूमा शब्दार्थसम्बन्धी अभ्यासहरूको संयोजन गरिएको छ । सम्पूर्ण पाठहरूमा शिक्षणिय दृष्टिले समाविष्ट शब्दहरू ४११ र पारिभाषिक शब्द समेत गरेर ४९४ शब्द रहेका छन् । यी शब्दहरूमा धेरैजसो तत्सम शब्दहरू देखिन्छ । कतिपय शब्द उखानटुक्कासँग सम्बन्धित छन् भने कोही सूचना, सञ्चार एवम् प्रविधिसँग सम्बन्धित शब्द रहेका छन् । तद्भव र आगन्तुक शब्दहरूको पनि यस पाठ्यक्रममा सहभागिता भेटिन्छ । शब्दार्थ सम्बन्धी नमुना अभ्यासमा रहेका शब्दहरूमध्ये केही शब्दहरूलाई उदाहरणको रूपमा निम्नानुसार तालिकामा देखाइएको छ :

तालिका १

*शब्दार्थसम्बन्धी नमुनाअभ्यास*

| क्र.स. | पाठ | पाठको नाम (शीर्षक) | जस्तै |
|---|---|---|---|
| १ | एक | कविता : नेपालै नरहे | पुर्खा, टाकुरा |
| २ | दुई | कथा : छिमेकी | तमासा कवकड |
| ३ | तीन | निबन्ध : आइमाई साथी | अभिप्राय, विरोधाभास |
| ४ | चार | कथाः मधुमालतीको कथा | कावा खानु, उद्धिग्न |
| ५ | पाँच | निबन्धः भलादमी | चार्तुय, प्रतिनिधि |
| ६ | छ | कविता : हर्क बहादुर | अट्टहास, परिलक्षित |
| ७ | सात | उपन्यास : एक चिहान | |
| ८ | आठ | निबन्धः म फुल लिएर आउने छु | उच्छ्वास, द्रवीभूत |
| ९ | नौ | कविता : मानुषी | सीमातीत, नैसार्गिक |
| १० | दश | कथा : रातभरि हुरी चल्यो | कुव्ठित, अँगेठी |
| ११ | एघार | कविता : मेरो देश | हिमकण, स्पन्दन |
| १२ | बाह्र | निबन्धः आलु | ठिमाहा, तालुमा आलु |
| १३ | तेह्र | कथा : शत्रु | अदब, यत्न |
| १४ | चौध | उपन्यासःएक चिहन | दिइएको छैन |

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 6 NO.2 DECEMBER 2024

| | | | |
|---|---|---|---|
| १५ | पन्ध्र | कथाः हारजित | मरदसवास, कउडा |
| १६ | सोह्र | निबन्धः खाद्य सङ्कट र जैविक विविधता | लिप्त, प्रकोप |
| १७ | सत्र | एकाङ्कीः नालापानीमा | समर, मोहरी |
| १८ | अठार | कविता : कान्छी भट्टी र देश | मोर्चा, विदीर्ण |
| १९ | उन्नाइस | नाटकः बौलाहा काजीको सपना | तपेस, बयल |

तालिकामा दिइएको शब्दार्थसम्बन्धी अभ्यासहरूलाई नियाल्दा शब्दभण्डारको विस्तृत अभ्यास गराउनु भन्दा वाक्यरचनाको अभ्यासमा विशेष जोड दिइएको पाइन्छ । यस तहमा राखिएका अभ्यास शब्दको अर्थ दिने र वाक्यमा प्रयोग गर्ने एवम् मिल्ने शब्दहरू बीच जोडा मिलाउने रहेका छन् । कतै कतै प्राविधिक र व्यवसायिक क्षेत्रसँग सम्बन्धित शब्दहरूको ज्ञान गराउने उद्देश्यले ती शब्दहरूसम्बन्धी अभ्यासहरूलाई पनि राखिएको छ । लगभग आधा भाग जति शब्द शब्दार्थको रूपमा राखिएको पाइयो । कतिपय शब्दहरू माध्यमिक तहमा अध्ययन गरेका दोहोरिएका छन् । आत्मबल, स्मृतिपटल, प्रवृति विचित्र, अकस्मात, आवद्ध सङ्कल्प आदि जस्ता शब्द तल्ला कक्षाहरूमा अभ्यास गरिसकेको हुँदा यस तहमा दोहोरिनु त्यति राम्रो मानिदैन ।

अभ्यासमा राखिएका शब्दहरूलाई हेर्दा वैज्ञानिकता पाइएको छ । छनोट र स्तरण पक्षलाई बढी नै ध्यान दिइएको भेटिन्छ । भाषामा प्रयोगमूलक ढङ्गले अभ्यासलाई जोड दिइएको छ । अर्थ लेख, मिल्ने शब्दहरू बीच जोडा मिलाउ, पढेर अर्थ बुझ, उखान टुक्काको अर्थ बुझी वाक्यमा प्रयोग गर, पारिभाषिक एवम् प्राविधिक शब्दलाई अर्थ स्पष्ट हुनेगरी वाक्यमा प्रयोग गर जस्ता क्रियाकलाप गराएर पाठका आधारमा पुनः आवृत्ति गराउने प्रयास गरिएको छ । समग्रमा शब्दार्थसम्बन्धी नमुनाअभ्यासमा रहेका शब्दहरूको जम्मा सङ्ख्या र प्रतिशतलाई निम्न तालिकामा देखाइएको छ :

तालिका २

| क्र.स. | पाठ | पाठको नाम (शीर्षक) | शब्दसंख्या | शब्दसंख्या (प्रतिशत). |
|---|---|---|---|---|
| १ | एक | कविता : नेपालै नरहे | १२ | ३ |
| २ | दुई | कथा : छिमेकी | ३५ | ८ |
| ३ | तीन | निबन्ध : आइमाई साथी | ४८ | १२ |
| ४ | चार | कथाः मधुमालतीको कथा | १८ | ४ |
| ५ | पाँच | निबन्धः भलादमी | ४० | १० |
| ६ | छ | कविता : हर्क बहादुर | ९ | २ |
| ७ | सात | उपन्यास : एक चिहान | दिइएको छैन | |
| ८ | आठ | निबन्धः म फुल लिएर आउने छु | १७ | ४ |
| ९ | नौ | कविता : मानुषी | १५ | ३ |
| १० | दश | कथा : रातभरि हुरी चल्यो | ५ | १ |
| ११ | एघार | कविता : मेरो देश | १६ | ४ |
| १२ | बाह्र | निबन्धः आलु | ७ | २ |
| १३ | तेह्र | कथा : शत्रु | ३८ | ९ |
| १४ | चौध | उपन्यासःएक चिहन | | |
| १५ | पन्ध्र | कथाः हारजित | २३ | ५ |

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 6 NO.2 DECEMBER 2024

| | | | | |
|---|---|---|---|---|
| १६ | सोह्र | निबन्ध : खाद्य सङ्कट र जैविक विविधता | १९ | ४ |
| १७ | सत्र | एकाङ्की: नालापानीमा | ३३ | ८ |
| १८ | अठार | कविता : कान्छी भट्टी र देश | २४ | ६ |
| १९ | उन्नाइस | नाटक: बौलाहा काजीको सपना | ५२ | १५ |

**कविता विधासँग सम्बन्धित नमुनाअभ्यासको विश्लेषण**

यस उद्देश्यको परिपूर्तिका लागि उमावि तहमा विभिन्न पृष्ठभूमिमा आधारित कविता राखिएका छन् । ती कविताहरू विषयवस्तुका दृष्टिले सामाजिक, चेतनामूलक, देशभक्तिपूर्ण एवम् प्रकृति चित्रात्मक आदि रहेका छन् । "नेपालै नहरे" कवितामा जम्मा जम्मी १५ ओटा प्रश्नहरू राखिएको छ जसमध्ये सातओटा बोधसँग सम्बन्धित र एउटा सिर्जनात्मकतासँग सम्बन्धित अभ्यास रहेको छ र अभ्यासको अन्तमा बोध शीर्षकको एक अनुच्छेद दिई ६ ओटा बोध र एउटा सिर्जनात्मक अभ्यास दिइएको छ ।

पाठ्यक्रमले स्तरअनुरूप विभिन्न विषय क्षेत्रमा प्रयोग हुने विविध प्रकृतिका कथ्य र लेख्य पठन बोध र अभिव्यक्ति क्षमता बढाउनेछ भन्ने उद्देश्य राखेको छ । सो उद्देश्यलाई मध्यनजर गर्दा प्रस्तुत कवितामा दिइएका अभ्यासहरू पाठ्यक्रमको उद्देश्यअनुरूप नै छन् तर यसमा प्रयोग पक्षलाई भने ख्याल गरिएको देखाइएको छैन । सिर्जनात्मक अभ्यासमा पनि अनुच्छेद लेखनसँग सम्बन्धित अभ्यास राखिएको छ । यो सँगसँगै कविता लेखन सम्बन्धी सिर्जनात्मक अभ्यास पनि राखिएको भए यो अभ्यासअझ बढी उपयोगी हुने थियो ।

व्यवहारिक प्रयोजनका लागि आवश्यक पर्ने पत्र, विज्ञापन, सूचना पाठक प्रतिक्रिया व्यक्तिगत विवरण तयार गर्न सक्षम बनाउने उद्देश्य पाठ्यक्रमको रहेको छ । पाठ्यक्रमको यसै उद्देश्यलाई आत्मसाथ गर्दै अभिव्यक्ति नामक शीर्षकमा विज्ञापनको दुई ओटा नमुना दिएर विज्ञापन लेखन सम्बन्धी चारओटा अभ्यास दिइएको छ । यसरी यस पाठमा दिइएका नमुनाअभ्यासहरू पाठ्यक्रमको उद्देश्यलाई पूरा गर्न सहायक नै देखिन्छ ।

विश्लेषण अनुसार कवितामा दिइएको नमुनाअभ्यासहरू पाठ्यक्रमको उद्देश्यअनुरूप सान्दर्भिक नै छन् । उमावि तहका विद्यार्थीमा स्वतः रूपमा सिर्जनात्मक क्षमता बढ्दो रूपमा देखा पर्ने हुन्छ तसर्थ यस तहका विद्यार्थीको उमेर एवम् स्तरलाई मध्यनजर गर्दै कविता लेखन सम्बन्धी सिर्जनात्मक अभ्यास राख्नुपर्ने देखिन्छ । कविता विधासँग सम्बन्धित नमुना अभ्यासको तालिका निम्नानुसार रहेको छ :

तालिका ३

*कविता विधासँग सम्बन्धित नमुनाअभ्यास*

| क्र.सं. | शीर्षक | बोध | प्रयोगात्मक | सिर्जनात्मक | जम्मा |
|---|---|---|---|---|---|
| १ | नेपालै नरहे | १३ | - | २ | १५ |
| २ | हर्कबहादुर | १९ | २ | २ | २३ |
| ३ | मानुषी | २६ | १ | ४ | ३१ |
| ४ | मेरो देश | २१ | १ | ५ | २७ |
| ५ | कान्छी, भट्टी र देश | १६ | २१ | ८ | ४५ |

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 6 NO.2 DECEMBER 2024

| | | | | |
|---|---|---|---|---|
| जम्मा अंकमा | ९५ | २५ | २१ | १४१ |
| जम्मा प्रतिशतमा | ६८ | १८ | १४ | १०० |

**कथा विधासँग सम्बन्धित नमुनाअभ्यासको विश्लेषण**

कथा एक लोकप्रिय विधा हो । कथाले मानवजीवनका यथार्थ कुरालाई प्रस्तुत गर्ने/गराउने काम गर्दछ । कथाले मनोरञ्जनको साथ साथै सिक्न सिकाउन सघाउने हुँदा यस विधालाई प्राथमिक तहदेखि नै विशेष स्थान दिइदै आएको छ । यस भाषापाठ्यपुस्तकमा जम्मा जम्मी ५ ओटा कथा समाविष्ट छन् । समाविष्ट कथा विधासँग सम्बन्धित नमुनाअभ्यासको तालिका यस प्रकार छ :

तालिका ४

*कथा विधासँग सम्बन्धित नमुनाअभ्यासको विश्लेषण*

| क्र.सं. | शीर्षक | बोध | प्रयोग | सिर्जनात्मक | जम्मा |
|---|---|---|---|---|---|
| १ | छिमेकी | २१ | १ | ४ | २६ |
| २ | मधुमालतीको कथा | २४ | १ | ५ | ३० |
| ३ | रातभरी हुरी चल्यो | १३ | २ | ७ | २२ |
| ४ | शत्रु | २४ | - | ७ | ३१ |
| ५ | हारजीत | १४ | - | ५ | १९ |
| जम्मा अंकमा | | ९६ | ४ | २८ | १२८ |
| जम्मा प्रतिशतमा | | ७५ | ३ | २२ | १०० |

'छिमेकी' कथामा पठनबोध शीर्षकको अभ्यास १ मा ५ ओटा बोध प्रश्नहरू राखिएको छ । त्यसैगरी अभ्यास दुई अन्तर्गत पनि चारओटा बोध प्रश्नहरू राखिएको छ र अभ्यास तीनमा पनि बोध प्रश्न नै दिइएको छ । कक्षा एघारको 'सबैको नेपाली' भाषापाठ्यपुस्तकमा समाविष्ट कथा सम्बन्धी नमुनाअभ्यासहरू स्वभाविक नै देखिन्छन् । पाठ्यक्रमको उद्देश्य निर्धारित पाठ तथा रचनाहरूलाई विषयवस्तु, भाव, पात्र, परिवेश र भाषाशैलीका आधारमा अध्ययन गर्न सक्षम बनाउने रहेको छ । यहि उद्देश्यलाई पूर्ति गर्ने किसिमका प्रश्नहरू पाठ्यपुस्तकमा समाविष्ट छन् । केहि बोधात्मक प्रश्न मार्फत त केहि अभिव्यक्तिमूलक प्रश्नहरू गरेर कथा विधाको विषयवस्तु भाव पात्र परिवेश, भाषाशैलीसँग सम्बन्धित प्रश्नहरू राखिएको छ । यसका पाठ्यक्रमको अर्को उद्देश्य साहित्यिक रचनाहरूको पठन र आस्वादन गरी विषयवस्तु परिवेश उद्देश्यबारे कथ्य र लेख्य अभिव्यक्ति क्षमता बढाउनु रहेको छ - यस पाठ्यपुस्तमा समाविष्ट कथा विधाका नमुनाअभ्यास पनि विद्यार्थीको कथ्य र लेख्य अभिव्यक्ति क्षमता बढाउने किसिमका भएको हुँदा उक्तअभ्यासहरू उद्देश्यअनुरूप नै छन् । अभ्यासको अन्तमा व्यवहारिक प्रयोजनका लागि आवश्यक पर्ने विज्ञापन, चिठी, शुभकामना पत्र प्रतिवेदनलेखन जस्ता अभ्यासहरू दिइएको छ । यो पनि उद्देश्यअनुरूप नै छ तर सिर्जनात्मक अभ्यासमा कथा लेखनसँग सम्बन्धित प्रश्नहरू दिएर विद्यार्थीहरूमा रहेका प्रतिभा प्रस्तफुटन गराउन पाएमा यी अभ्यासहरू अझ बढी उपयोगी हुने थिए । यस्तो अभ्यासहरू ५ ओटै कथामा भएको पाइएन ।

**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

**निबन्धसँग सम्बन्धित नमुनाअभ्यास**

कक्षा एघारको सबैको नेपाली भाषापाठ्यपुस्तक जम्मा चार ओटा निबन्ध समाविष्ट छन् । यस पुस्तकको पहिलो निबन्ध “आइमाई साथी ” मा ८ ओटा बोध प्रश्नहरू समाविष्ट छन् । विद्यार्थीको मौलिकता परीक्षणका लागि केहि सिर्जनात्मकअभ्यासहरूलाई पनि स्थान दिइएको छ । त्यसैगरी अभिव्यक्ति शीर्षकमा सूचनालेखन सम्बन्धी दुईओटा नमुना दिइएको छ र सो आधारमा दुईओटा अभिव्यक्ति मूलक प्रश्नहरू राखिएको छ । यस प्रकार माथिको विश्लेषणलाई हेर्दा कक्षा एघारको सबैको नेपाली भाषापाठ्यपुस्तकमा समाविष्ट निबन्ध सम्बन्धी नमुनाअभ्यासहरू बोध र अभिव्यक्ति दुवै पक्षसँग सम्बन्धित छन् । निर्धारित पाठ तथा रचनाहरूलाई विषयवस्तु भाव पात्र परिवेश र भाषाशैलीका आधारमा अध्ययन गर्न भन्ने पाठ्यक्रमको उद्देश्य रहेको छ तर सबैको नेपाली कक्षा एघारमा समाविष्ट नमुनाअभ्यासमा निबन्धको उद्देश्य परिवेश भाषाशैलीमा भन्दा विषयवस्तुमा बढी झुकाव राख्ने किसिमका प्रश्नहरू पाइयो । अरु विधाको तुलनामा अभ्यासको मात्रा कम भएको पाइयो । यसका साथै व्यवहारिक प्रयोजनका लागि आवश्यक पर्ने पत्र, विज्ञापन, सूचना, पाठक प्रतिक्रिया, व्यक्तिगत विवरण तयार गर्न सक्षम हुनेछन् भन्ने पाठ्यक्रमको विशिष्ट उद्देश्यलाई पनि यस विधामा ख्याल गरिएको पाइन्छ । अरुको तुलनामा यसमा विधागत सचेतनालाई पनि अलिक ख्याल गरिएको पाइन्छ । यसरी यस विधामा समाविष्ट नमुनाअभ्यासहरू स्तरअनुकुल छन्, पाठ्यक्रमको उद्देश्यलाई पूर्ति गर्न सघाउने किसिमका छन्, व्यवहारिक छन, सिर्जनात्मक छन, यति हुँदा हुँदै पनि यी अभ्यासहरूमा सिर्जनात्मक एवम् प्रयोगात्मक अभ्यासको संख्या अरु अभ्यासको तुलनामा कम भएको पाइयो ।

तालिका ५

*निबन्धसँग सम्बन्धित नमुनाअभ्यास*

| क्र.सं. | शीर्षक | बोध | प्रयोग | सिर्जनात्मक | जम्मा |
|---|---|---|---|---|---|
| १ | आइमाई साथी | ८ | -- | ४ | १२ |
| २ | भलादमी | ७ | -- | ४ | ११ |
| ३ | म फुल लिएर आउनेछु | १३ | -- | २ | १५ |
| ४ | आलु | २१ | २ | ३ | २६ |
| जम्मा अंकमा | | ४९ | २ | १३ | ६४ |
| जम्मा प्रतिशतमा | | ७६ | ३ | २१ | १०० |

**उपन्यास विधासँग सम्बन्धित नमुनाअभ्यास**

उपन्यास यस्तो विधा हो । जसमा मानव जीवनका यथार्थ घटनाहरूलाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको हुन्छ । यसर्थ उपन्यास मानवको जीवन र जगतका यथार्थ घटनाहरूको सिङ्गो प्रस्तुति हो । उपन्यासका सम्बन्धमा “भरतमूनि भन्छन्” । युक्तिपूर्ण ढङ्गले आफ्नो अभिप्रायलाई प्रस्तुत गर्नु उपन्यास हो । आख्यानका माध्यमबाट गरिएको जीवनको व्याख्या नै उपन्यास हो । यस उपन्यासमा प्रशस्त अभ्यासहरू राखिएका छन् । ती अभ्यास निम्नानुसार रहेका छन् :

**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

तालिका ६

*उपन्यास विधासँग सम्बन्धित नमुनाअभ्यास*

| क.सं. | शीर्षक | बोधात्मक | प्रयोगात्मक | सिर्जनात्मक | जम्मा |
|---|---|---|---|---|---|
| १ | एक चिहान | | | | |
| २ | अध्याय (१-१६) | २८ | ३ | ४ | ३५ |
| ३ | अध्याय (१६-३१) | १९ | १ | १ | २१ |
| जम्मा अंकमा | | ४७ | ४ | ५ | ५६ |
| जम्मा प्रतिशतमा | | ८४ | ७ | ६ | १०० |

प्रस्तुत तालिकाअनुसार उमावि तहमा एउटा मात्र उपन्यास समावेश गरिएको छ । निर्धारित साहित्यिक रचनाहरूको पठन र आस्वादन गरी विषयवस्तु, परिवेश र उद्देश्यबारे कथ्य वा लेख्य अभिव्यक्तिको क्षमता बढाउने छ भन्ने उद्देश्य राखिएको यस पाठ्यक्रमको अपेक्षा अनुरुप प्रश्नहरू त राखिएको छ तर सिर्जनात्मक पक्षलाई त्यति जोड नदिइएकोले पाठ्यक्रमको उद्देश्य पूरा गर्न कठीन हुने देखिन्छ ।

**वर्णविन्याससम्बन्धी नमुनाअभ्यास**

पाठ तीनको व्याकरणअभ्यास खण्डमा वर्णविन्याससम्बन्धी नमुना अभ्यास दिइएको छ पाठ्यक्रममा तत्सम र आगन्तुक शब्दको वर्णविन्यासको प्रमुख समस्या क्षेत्र र त्रुटिहरूको पहिचान तथा निराकरण राखिएको छ । सबैको नेपाली कक्षा ११ मा वर्णविन्यास सम्बन्धी तत्सम शब्द र आगन्तुक शब्दको पहिचान र प्रयोग गराइएको छ । अभ्यासमा प्रश्नको रखाइ आगमनात्मक, खोजमूलक, पहिचानात्मक तथा सिर्जनात्मक देखिन्छन् । यसैगरी पाठ ११ मा वर्णविन्यास सम्बन्धी अभ्यास राखिएको छ । जसमा तत्सम, तद्भव र आगन्तुक शब्द सम्बन्धी वर्णविन्यासको थप अभ्यास दिइएको छ । पाठ एघार (मेरोदेश) मा विशेषतः तत्सम र तद्भव, हलन्त र अजन्त पदयोग र पदवियोग सम्बन्धी कुराको पहिचान र अभ्यासमा जोड दिन खोजिएको छ । यसका उदाहरण र प्रश्नहरू आगमनात्मक विधि, खोजमूलक प्रकृतिसँग मेलखाने देखिन्छन् तर ह्रस्वदीर्घ सम्बन्धीअभ्यासमा त्यति जोड दिइएको पाइएन । शब्दकोशको प्रयोगलाई व्याकरण पाठ्यक्रममा भएपनि अभ्यासमा व्याकरण अभ्यासको बाहिर राखिएको पाइन्छ ।

**निष्कर्ष**

नेपाली भाषापाठ्यपुस्तकभित्र समावेश गरिएको नमुनाअभ्यासहरू बोधात्मक, प्रयोगात्मक र सिर्जानात्मक पक्षसँग सम्बन्धित रहेको पाइयो । उमावि तहको नेपाली भाषापाठ्यपुस्तकमा समावेश गरिएका प्रश्नलाई (बोधात्मक, प्रयोगात्मक र सिर्जनात्मक) छुट्ट्याइ गरिएको अध्ययनमा बोधात्मक प्रश्नको तुलनामा प्रयोगाात्मक र सिर्जनात्मक प्रश्नको संख्या घट्दो क्रममा भएको पाइयो । मावि तहको सबैको नेपाली भाषापाठ्यपुस्तकभित्र समावेश गरिएको नमुनाअभ्यासहरूको समग्र अध्ययन गर्दा प्रश्नहरूको निर्माणमा व्यवहारिक सन्तुलन नभएको पाइयो । सबैको नेपाली भाषापाठ्यपुस्तकमा पाठसँग सम्बन्धित मात्र नभएर व्यवहारिक प्रयोजनका लागि बोध शीर्षकमा अनुच्छेदहरू दिएर बोधप्रश्नहरू र अभिव्यक्तिका लागि विभिन्न नमुनाअभ्यासहरू दिएर विद्यार्थीहरूलाई बोध र अभिव्यक्तिमा सक्षम बनाउने कोशिस गरिएको पाइयो ।

**ISSN** : 2773-790X **JOURNAL OF GURUBABA** VOL. 6 NO.2 DECEMBER 2024

नमुनाअभ्यासहरूमा राखिने प्रश्नको स्वरूप र प्रकृति हेर्दा प्रश्नको प्रकृतिअनुसार संख्यात्मक अनुपात नमिलेको पाइयो । निरन्तरको अभ्यास र पुनरावृत्तिले नै भाषामा सफलता हात लाग्दछ त्यसैले अभ्यासको शृङ्खलामा प्रत्येक विधामा विभिन्न किसिमका अभ्यासहरू राखिनु वाञ्छनिय हुन्छ तर निबन्धमा अरू विधामा दिइएका अभ्यासहरूको तुलनामा थोरै मात्रामा अभ्यास राखिएको पाइयो । उमावि तहको लागि व्यवहारिक प्रयोजनका कुराहरू सिकाउन आवश्यक छ यही आवश्यकतालाई मध्यनजर गर्दै अनुच्छेदलेखन, निबन्धलेखन, चिठी, विज्ञापन, निमन्त्रणा पत्र सूचनालेखन प्रतिवेदनलेखन, टिप्पणीलेखन एवम् व्यक्तिगत विवरण तयार गर्ने किसिमका अतिरिक्त अभ्यासहरू यसमा राखिएको छ । सिर्जनात्मकता र प्रयोगात्मक पक्षलाई भन्दा विषयवस्तु ज्ञानलाई बढी जोड दिइएको पाइयो ।

यस पाठ्यपुस्तकमा विधागत सचेतता भन्दा विषयवस्तुको ज्ञानसम्बन्धी प्रश्नहरू राखिएको छ । विधासँग सम्बन्धित सिर्जनात्मक अभ्यासहरू भएको पाइएन । उमावि तहको नेपाली भाषापाठ्यपुस्तकमा व्याकरण अभ्यासको भने उचित किसिमले संयोजन भएको पाइन्छ । अभ्यासहरू पहिले उदाहरण त्यसपछि परिचय र त्यसपछि अभ्यासको क्रममा छन् वा आगमनात्मक खालका छन् तर पाठ दुईमा अक्षर संरचना संख्या सम्बन्धी उदाहरण थप्नुपर्ने देखिन्छ । अभ्यासहरू समसामयिक छन् र व्याकरणात्मक पाठसँग सम्बन्धित गराएर राखिएको छ । यसमा दिइएका उदाहरण र अभ्यास पाठसँग सम्बन्धित छन् । शब्दकोशलाई व्याकरण अभ्यास अन्तर्गत नराखेर छुट्टै राखिएको छ । यस पाठ्यपुस्तकको व्याकरण अभ्यासमा सैद्धान्तिक भन्दा सिर्जनात्मक र प्रयोगात्मक पक्षलाई जोड दिइएको पाइन्छ । विद्यार्थी केन्द्रित विधिका साथै आगमनात्मक पद्धति अपनाइएको पाइन्छ । यस पाठ्यपुस्तकमा दिइएका अभ्यासहरू समसामयिक पाठ्यक्रमको उद्देश्यअनुरुप र स्तर अनुकुल नै छन् । शब्दार्थसम्बन्धी अभ्यासको पनि उचित संयोजन भएको पाइन्छ । शुरुमा शब्दको अर्थ त्यसपछि सो सम्बन्धी वाक्यमा प्रयोग गर्ने, लगाएतका अभ्यासहरू दिइएको छ । पारिभाषिक र व्यवसायिक शब्दलाई छुट्टै राखेर सिकाउने प्रयास गरिएको छ । एकाइको अन्तमा बोधका लागि दृष्टान्त सामग्री भनेर ५३ ओटा शीर्षकमा निबन्धात्मक अनुच्छेद दिइएको छ । जसले विद्यार्थीको बोध र सिर्जनात्मक क्षमता विकासमा सघाउँने देखिन्छ ।

**सन्दर्भसामग्री**

काफ्ले, चूडामणि र काफ्ले, विश्वराज (२०६७), *अनिवार्य नेपाली कक्षा ११ र १२,* काठमाडौँः के.पी. पब्लिसर्स एण्ड डिष्टिब्यूटर्स ।

गौतम, लक्ष्मीकुमारी (२०६७), *कक्षा एघारको सबैको नेपाली परिमार्जित पाठ्यपुस्तक २०६७ मा समाविष्ट कविता विधाको विश्लेषणात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा) ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६७), *नेपाली कविता र काव्य,* काठमाडौँः एम.के. पब्लिर्सस एण्ड डिष्टिब्यूटर्स ।

पराजुली, ठाकुर र अन्य (२०६७), *सबैको नेपाली (कक्षा एघार),* ललितपुर : साझा प्रकाशन ।

लम्साल, रामचन्द्र र गौतम, बासुदेव (२०६६), *नेपाली भाषा शिक्षण,* काठमाडौं : भुँडीपूराण प्रकाशन ।

शाही, प्रेमबहादुर (२०६७), *कक्षा एघारको सबैको नेपाली भाषा पठ्यपुस्तकमा समाष्टि व्याकरणात्मक अभ्यास खण्डको अध्ययन र विश्लेषण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा) ।